# स्वाधिन अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका[१]

डा. युवराज खतिवडा[२]

*"मुलुकको दीगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रूपान्तरणका लागि सवल र सक्षम सहकारी प्रणाली" - राष्ट्रिय सहकारी नीति, २०६९*


**कार्यपत्र एवं सम्बोधनको सार**

आर्थिक स्वाधीनताको परिभाषा गर्दा अत्यन्त संकुचित रुपमा गर्ने गरिएको छ । व्यापक अर्थमा परिभाषित गर्दा यसले राष्ट्रिय आवश्यकताका आधारमा आर्थिक नीति निर्माण गर्ने, मुलुकको प्राथमिकता र आवश्यकता बमोजिम दातृ निकायको सहयोग प्राप्त गर्ने, आयात निर्यातजस्ता बजार सम्बन्धहरु मुलुकको स्वार्थ अनुकूल तुल्याउने, उत्पादन तथा वितरणमा समावेशिता र सहभागिता सुनिश्चित गर्नुपर्ने लगायतका कुराहरु समेट्नु पर्दछ । विश्व आर्थिक परिदृश्यमा देखा परेका मुख्य दुई मोडेलमध्ये राज्य र निजी क्षेत्रले चलाएको अर्थतन्त्रका आआफ्ना सीमा रहेका र सोका कारण बेलाबेलामा ती दुवै मोडलमा संकट आउने गरेको छ । ती दुवै मोडलको परिपूरकका रुपमा समावेशी आर्थिक वृद्धि र विकासका लागि तेश्रो पात्रका रुपमा विश्वका कतिपय मुलुकहरुमा सहकारी मोडेल स्थापित भएको छ । स्थानीय अर्थतन्त्रमा उत्पादन, प्रशोधन, भण्डारण र वितरणमा सहकारी संस्था नै सफल हुने गरेको देखिन्छ ।

बजारकेन्द्रीत अर्थतन्त्रका कारण आयको वितरण न्यायोचित नहुँदा समाजमा असमानता, असन्तुष्टि जन्मन गई विभिन्न मुलुकमा द्वन्द्व र कहिलेकाहीँ विनाशको अवस्था देखिएको छ । उत्पादन र बजारीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सहकारी एउटा पूरक पात्र हुने गरेको छ । समाजमा जातीय, लैगिक, भौगोलिक लगायत बहु आयामिक असमानता रहने र तिनलाई न्यूनीकरण गर्नमा सहकारी एक उपयुक्त उपकरण हो ।

सशक्तिकरणको मुद्धालाई सम्बोधन गर्दै उपलब्धिमूलक बनाउनका लागि समुदायमा पछि परेका र पारिएकाहरुलाई संगठित गरेर मात्र सम्भव हुन्छ । यसका लागि उत्पादन, प्रशोधन र सामुदायिक गतिविधिमा सहकारी अभियान सबलीकरणका साथै आयआर्जन, गरिबी निवारणका लागि समेत सशक्त माध्यम बन्न सक्छ । उत्पादनभन्दा प्रशोधन र भण्डारणबाट मूल्य अभिवृद्धि (Value Add) हुने हुँदा स्थानीय जनता अझ बढी लाभान्वित हुने, यसबाट बिचौलिया प्रवृत्ति निरुत्साहित भई उत्पादक र उपभोक्ता दुवै लाभान्वित हुन्छन् ।

राज्यको समावेशी आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि कुन कुन आर्थिक पक्ष र क्षेत्रका सहकारी संस्थालाई प्रवर्द्धन गर्ने भन्ने कुरा राज्यले प्राथमिकता दिएर अघि बढाउनु पर्दछ । खास गरी समाजमा पछि परेका समुदायलाई समेट्रे सहकारीको प्रवर्द्धन गर्न पहिलो प्राथमिकता दिन सकिन्छ ।

औद्योगिक विकासका लागि दिगो पुँजी निर्माण आवश्यक हुने, स्वदेशी पुँजी निर्माण एवम् विकास नगरी दिगो आर्थिक विकास सम्भव नहुने भएकाले स्थानीय स्तरमा छरिएर रहेको पुँजी संकलन र पुँजी निर्माणको बानी बसाल्ने कार्यमा सहकारी संस्था भरपर्दो माध्यम बन्न सक्दछ ।

सहकारी क्षेत्र राज्य, निजी क्षेत्रको प्रतिष्पर्धी नभई परिपूरक मात्र हो । राज्यद्वारा प्रदान गरिने वितरणलाई तल्लो तहसम्म पुऱ्याउन सहकारीमार्फत गर्नु उपयुक्त हुन्छ ।  राज्य जान नसक्ने तथा निजी क्षेत्र जान नचाहने क्षेत्रमा सिर्जित अन्तराल सहकारीले पूरा गर्न सक्दछ ।

स्थानीय स्तरमा औद्योगिक कच्चा पदार्थको उत्पादनमा सहकारीले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुँदा मुलुकको


१) ५६ औं सहकारी दिवसको उपलक्ष्यमा राष्ट्रिय सहकारी संघद्वारा मिति २०६९।१२।१८ गते काठमाण्डौंमा आयोजित **"स्वाधीन अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका"** विषयक विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

२) यो कार्यपत्र तयारीमा नेपाल राष्ट्र बैंकका उप निर्देशिक श्री अशोक कुमार पौडेलले पुऱ्याउनु भएको सहयोगप्रति धन्यवाद दिन चाहन्छु ।

औद्योगिक विकासको जग सहकारीमार्फत् निर्माण गर्न सकिन्छ । सहकारी सम्बन्धी चेतना जनस्तरसम्म अभिवृद्धि गर्नका लागि अझै धेरै गर्न बाँकी छ । आर्थिक, सामाजिक तथा बहुआयामिक रुपले पछि परेकाहरुलाई सहकारीले समेट्दै उनीहरुलाई समेत आर्थिक गतिविधिमा सहभागी गराउनु पर्दछ । यसको लाभमा सहकारीका बहुसंख्यक सदस्यहरुको सहभागिता हुने अवस्था सिर्जना गर्नु आवश्यक छ ।

खुला समाज, लोकतन्त्र र समावेशितामा नै स्वतस्फूर्त ढंगले सहकारी क्षेत्रको विकास र विस्तार हुने कुरा हाम्रो मुलुकको अनुभवले पनि पुष्टि गरेको छ । सहकारीका गतिविधि अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र मान्यतामा आधारित भई स्वनियमन र सामाजिक परिचालनका माध्यमबाट राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित हुनु आवश्यक छ, र यसैबाट आर्थिक समृद्धि र स्वाधिनता हासिल गर्न सकिने अपेक्षा गरिएको छ ।

## १. विषय प्रवेश

विश्व अर्थतन्त्रमा देखिने गरेका संकट र चुनौतिबाट पूँजीवादी, समाजवादी वा मिश्रित अर्थतन्त्रहरूको अभ्युदय, विकास वा पतन भएको देखिन्छ । यसै क्रममा कहिले राज्यको भूमिका विहिनता त कहिले राज्यको मात्र उपस्थितिको अर्थ प्रणालीको वकालत गरिन्छ । अझ राज्य र निजी क्षेत्र बाहेक पनि आर्थिक विकासका माध्यम वा स्रोत हुन सक्छन् भन्ने कुरा विर्सने गरिन्छ । विकसित मुलुकहरुले अघि सारेका आर्थिक नीतिका कारण अर्थतन्त्रमा सरकारको न्यून हस्तक्षेप र निजी क्षेत्र माथि अत्यधिक भरोसा गरिएको देखिन्छ । अझ खासगरी उदार अर्थतन्त्रमा सरकारले सामाजिक सुरक्षा र आर्थिक वातावरण एवं आधारशीलाको निर्माणमा र निजी क्षेत्रले उत्पादन तथा ब्यापारमा केन्द्रीत हुने अपेक्षा गरिन्छ । तर निजी क्षेत्रले सामाजिक जिम्मेवारी सहितको नाफाको अवधारणालाई आत्मसात् गर्न नसकेको कारण समन्यायिक समाजको निर्माण गर्ने क्रममा आर्थिक गतिविधिमा समुदायमा आधारित सहकारीको भूमिकाको अपरिहार्यतालाई सबैले मनन गरेको देखिन्छ । यस अवस्थामा सहकारी आन्दोलनलाई आर्थिक समृद्धिको लागि स्वर्णिम अवसरका रुपमा उपयोग गर्नु पर्ने देखिन आएको छ ।

सन् १९३० को महामन्दीको दुष्चक्रबाट पार पाउनका लागि किन्सले प्रतिपादन गरेको अर्थतन्त्रमा राज्यको उपस्थितिको अवधारणालाई मूर्तरुप दिने क्रममा सन् ५० को दशकबाट जोडतोडका साथ सार्वजनिक संस्थान स्थापनाको अवधारणा देखा पर्‍यो । तर न्यून उत्पादकत्व र सञ्चालन असक्षमताका कारण सन् १९८० को दशकमा आइपुग्दा यो अवधारणा अपेक्षित रुपमा सफल हुन सकेन । सार्वजनिक संस्थानको असफलता र राज्यको सेवा प्रदायक भूमिका कम प्रभावकारी देखिन थालेको पृष्ठभूमीमा विश्वव्यापी रूपमा बजार अर्थतन्त्रको निर्णायक भूमिका र राज्यको न्यून उपस्थितिको वकालत हुन थाल्यो । सरकार सदैव असफल हुन्छ र बजार निर्देशित निजी क्षेत्र सँधै सफल हुन्छ भन्ने अतिवादी आर्थिक सोंचहरू हावी हुन थाले । सन् १९८० पछिका दशकहरूमा नेपालमा पनि यसै प्रबृत्ति अनुसारका विकासक रणनीतिहरू तर्जुमा हुन थाले । आर्थिक उदारीकरणले केही समय flood gate खोलेको प्रभाव स्वरूप आर्थिक क्रियाकलापको गति बढ्यो तर त्यो स्थायी रहने अवस्था नै थिएन । बरू राज्यको उपस्थितिलाई गौण ठानिंदा र आर्थिक विकासको विशिष्ट अवस्थाको बोध गरी निजी क्षेत्रलाई सन्तुलित रूपमा अघि बढाउन नसक्दा सीमित वर्गले उदार बजार अर्थतन्त्रको लाभ लिए । यसबाट उत्पन्न भएको असमानता, विभेद, बञ्चितीकरण र पछौटेपना क्रमिक रुपमा सशस्त्र द्वन्द्वको बीउ बन्न पुग्यो ।

राज्य शक्तिमा रहेको राजनैतिक दल र तिनको नेतृत्वले अवलम्बन गरेका आर्थिक नीतिका कारण राज्यका श्रोतहरुमा सीमित व्यक्तिको पहुँच कायम हुँदै गयो । आम जनसमुदाय उत्पादनका साधन र

विकास प्रयासको फल प्राप्त गर्ने अवसरबाट बञ्चित हुँदा त्यसबाट सिर्जित असन्तुष्टीलाई राजनैतिक आन्दोलनको भूमिकाको रुपमा उपयोग गर्दै मुलुक करिब दशक लामो चरम द्वन्द्वको चपेटामा फस्यो । मुलुकलाई सशस्त्र द्वन्द्वबाट मुक्त गर्नका लागि राजनैतिक तहमा भएको समझदारी, २०६२/६३ को जनआन्दोलन पश्चात्को राजनैतिक नेतृत्व, र त्यस पछिका सरकारहरुले मुलुकलाई समाजबाद उन्मुख अर्थव्यवस्था तर्फ अग्रसर गराउँदै लगेको देखिन्छ । परिणामस्वरुप आम समुदायलाई समेटेर मात्र सामाजिक-आर्थिक रुपान्तरणका माध्यमबाट समृद्धि सम्भव छ भन्ने आदर्शका साथ विश्वका धेरैजसो मुलुकको विकास प्रयास जस्तै नेपालमा पनि अन्तरिम संविधान र आवधिक योजनाको दस्तावेजहरुको अतिरिक्त सरकारको वार्षिक नीति तथा कार्यक्रम एवं बजेटमा समेत सहकारीको भूमिका र योगदानलाई महत्व दिँदै सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको एकीकृत प्रयासबाट मात्रै समृद्ध अर्थतन्त्रको निर्माण गर्न सकिन्छ भन्ने बुझाईले मूर्तरुप लिन थालेको छ । यद्यपी यी तीन स्तम्भहरुको प्रभावकारी समन्वय र कार्यान्वयनमा भने विभिन्न प्रकारका चुनौती र समस्याहरु उजागर भइरहेका छन ।

## २. नेपालमा सहकारी अभियानको विकासक्रम

अन्तर्राष्ट्रिय जगतमा १६९ वर्ष अघिदेखि शुरु भएको सहकारी अभियान नेपालमा भने यसैवर्षबाट ५६ वर्षमा प्रवेश गरेको छ । नेपालमा सहकारी आन्दोलनको पहिलो चारदशकको अवधिमा सहकारी मैत्री आर्थिक नीतिको अभावमा यस क्षेत्रलाई राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्न सकिएन । सहकारी संस्थाहरुको विकास र बिस्तारलाई आर्थिक एवं राजनैतिक पद्धतिले पनि निकै प्रभाव पार्दछ । नेपालको सन्दर्भमा कुरा गर्दा एकदलीय पंचायती व्यवस्थामा सहकारी संस्थाहरुको स्थापना र सञ्चालन राज्यका नेतृत्वमा रहने सीमित वर्गको स्वार्थ पूरा गर्ने निर्दिष्ट उद्देश्यले हुने गर्दथे । २०४६ सालको जनआन्दोलन पछि अवलम्बन गरिएका अर्थ राजनीतिक पद्धतिले सहकारीको बिस्तारमा आमूल परिवर्तन ल्यायो । खासगरी, सहकारी संस्थाहरुलाई राजनीतिक अभिष्टले भन्दा पनि आर्थिक र समाजिक रुपान्तरणको संबाहकको रुपमा स्वःस्फूर्त तवरले बिकास गर्ने वातावरण सृजना हुदै गयो ।

यसको परिणाम स्वरुप विगतका सहकारी संस्था सम्बन्धी ऐनहरुलाई पूर्णरुपमा परिमार्जन गरी सहकारी संघ संस्थाहरुको गठन, नियमन र सञ्चालनको् व्यवस्था गर्न सहकारी ऐन २०४८ जारी भयो । सो ऐन जारी गर्ने समयमा एक हजार भन्दा कम संख्यामा रहेका सहकारी संस्थाहरु यस दुई दशकको अन्तरालमा छब्बीस हजारभन्दा बढी भएका छन् भने यी संस्थाहरुको वचत तथा ऋण कारोवार झण्डै रु डेढ खर्ब पुगेको छ । अहिले सहकारी क्षेत्र सरकारको सहयोगी र निजी क्षेत्रको व्यवसाय विस्तारको आधारको रूपमा विकसित हुन थालेको छ र यदाकदा सही विश्लेषणको अभावमा यस क्षेत्रलाई यदाकदा सरकार र निजी क्षेत्र दुवैले परिपूरक भन्दा प्रतिस्पर्धीको रूपमा बुझ्ने गरेको कारणले पनि बाञ्छित गतिमा अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा विकास हुन समय लागेको छ ।

## ३. राज्य र निजी क्षेत्रको पहुँचको सीमा र सहकारीको उपस्थिति

अर्थतन्त्रमा राज्यको उपस्थिति भनेको निजी क्षेत्रको क्षमता र पहुँच बाहिरका भौतिक पूर्वाधार निर्माण एवं सामाजिक सुरक्षालाई प्रत्याभूत गर्ने दिशामा केन्द्रित गर्दै निजी क्षेत्रको सहयोगी र सामुदायिक क्षेत्रको प्रवर्द्धकका रुपमा सीमित हुन पुगेको छ । अर्कोतर्फ, निजी क्षेत्र भने अधिक नाफा हुने क्षेत्रमा मात्रै अझ खासगरी अतिरिक्त लाभको अवसर भएका क्षेत्रमा सीमित हुन खोजेको देखिन्छ । तर,

हालका दिनहरुमा भने निजी क्षेत्रलाई पनि सामाजिक जिम्मेवारी सहितको सामान्य नाफाको आदर्शमा अघि बढ्नु पर्ने नैतिक दबाब पर्दै गएको छ ।

यसरी सरकार र निजी क्षेत्र दुबैले विकासको गतिलाई अपेक्षित रुपमा अघि बढाउन नसकेको परिवेशमा सहकारी एक सशक्त विकल्पको रुपमा अघि आएको हो । तर के सहकारीले मात्र आर्थिक समृद्धि सम्भव छ ? भन्ने प्रश्नलाई भने सम्बोधन गर्नै पर्ने हुन्छ । सहकारी आन्दोलनले अर्थतन्त्रका प्रमुख पात्र (Actors of the economy) का रुपमा रहेका सरकार र निजी क्षेत्रको पूरकका रुपमा अघि बढने हो । यसले त सरकार र निजी क्षेत्रले समेट्न नसकेका र विगतमा तिनले सफलता हासिल गर्न नसकेका क्षेत्रहरुका आर्थिक गतिविधि सञ्चालनमा सक्रिय रूपमा आफूलाई स्थापित गर्न सक्छ । यस सिलसिलामा सहकारी क्षेत्रले अर्थतन्त्रको अग्र एवं पृष्ठ दुवै सम्बन्ध स्थापित गर्ने अवसरको उपयोग गर्दै मध्यमकालबाटै निजी क्षेत्रसंगको सहकार्यमा स्वाधिन अर्थतन्त्र निर्माणको महत्वपूर्ण लक्ष्यमा योगदान पुऱ्याउन सक्दछ । यसो हुन सहकारी आन्दोलनलाई समुदायमा आधारित एवं स्थानीय श्रोत, साधन र सीपको उपयोग गर्दै रोजगारी, आय र उत्पादन अभिवृद्धि गर्ने कार्यलाई विकृतिमुक्त ढंगले अघि बढाउनु आवश्यक छ ।

## ४. पूँजी निर्माणमा सहकारी संस्थाको भूमिका

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवं सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन् । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । यस कार्यमा अन्य सहकारी संस्थाहरुको अतिरिक्त बचत तथा ऋण सहकारी संस्थाको भूमिका महत्वपूर्ण हुने गर्दछ ।

नेपालको सन्दर्भमा भन्ने हो भने २०६९ असार मसान्तसम्ममा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त २५०० को हाराहारीको शाखा सञ्जाल रहेका झण्डै २५० बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप करिव रु. १० खर्ब रहेको थियो भने मुलुकभर छरिएका २६,५०० सहकारी संस्थाहरुको निक्षेप झण्डै डेढ खर्ब रहेको थियो । यसरी कुल निक्षेपमा सहकारी संस्थाहरुको योगदान करिब १५ प्रतिशत रहेका कारणले पनि नेपालमा सहकारी संस्थाहरुले पूँजी निर्माणमा पुऱ्याएको योगदानलाई बेवास्ता गर्न सकिंदैन ।

तर, नियमनकारी निकायका अन्तराष्ट्रिय स्तरका बाध्यकारी निर्देशनहरुको पालना गर्नबाट बच्ने नियतले यदि बचत तथा ऋण सहकारी संस्थाहरु स्थापना हुन पुगेका हुन् भने यो बिडम्बनापूर्ण स्थिति हो । यो कुरा नेपालका ठूला बचत तथा ऋण सहकारी संस्थाहरुमा देखिएको कारोबारका प्रवृत्तिहरुबाट प्रष्टिनुका साथै केही संस्थामा देखिएको संस्थागत सुशासनको उल्लंघनको परिणामस्वरुप धेरै सर्वसाधारणको बचत रकम जोखिममा परेको तथ्यबाट पनि प्रष्ट हुन्छ । अतः यस्तो अवस्थालाई सम्बोधन गर्दै सहकारी अभियानलाई सुदृढ गर्न सहकारी संस्थाहरु सिद्धान्ततः स्वनियममा आधारित भई सञ्चालित हुनका लागि यसका सञ्चालक र शेयर सदस्यहरुबाट सजगतापूर्वक निरन्तर निगरानी गर्नु आवश्यक छ । त्यसैगरी नियमनकारी निकायले निरीक्षण तथा सुपरिवेक्षण कार्यमा विशिष्टीकृत निकायको स्थापना वा सहकार्यका माध्यमबाट सहकारी संस्थाहरुलाई सुदृढ गर्नु पनि त्यतिकै आवश्यक छ ।

सहकारीको माध्यमबाट राष्ट्रिय स्तरमा पूँजी निमार्ण गर्ने अभियानमा नेतृत्वदायि भूमिका निर्वाह गर्नु पर्ने अहिलेको राष्ट्रिय सहकारी विकास बैंकलाई विशेष ऐन वा विद्यमान बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा समयानुकूल परिमार्जन गरी सुदृढ बनाउने, यसलाई सहकारी बैंकहरुको छाता बैंकको रुपमा विकास गर्ने र क्रमिक रुपमा क्षेत्रिय स्तरमा अन्य सहकारी बैंकहरुको स्थापनाको अनुकुल वातावरण सृजना गरी सहकारी अभियानलाई सार्थक बनाउन पहल गरिनु आवश्यक छ ।

## ५. उत्पादन, प्रशोधन, वितरण र उपभोगमा सहकारीको भूमिका

स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गरी सहकारीलाई अर्थतन्त्रको एक सवल स्तम्भको रुपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान पुर्‍याउने विषयलाई नयाँ सहकारी नीतिले दीर्घकालीन लक्ष्यको रुपमा प्रस्तुत गरेको छ । आर्थिक विकासको दीर्घकालीन लक्ष्य हासिल गर्नका लागि कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका उत्पादनमूलक व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने उद्देश्य पनि सहकारी नीतिले समेटेको छ । यो नीतिलाई कार्यान्वयनमा ल्याउने र यसमा रहेका कमी कमजोरीलाई परिमार्जन गर्दै नीतिकै कारण सहकारी अभियानमा अवरोध नआओस् भन्नेतर्फ थप प्रयासरत रहनु पर्ने पनि देखिन्छ ।

सहकारीका शेयर सदस्यहरुमा रहेको सीप, क्षमता र दक्षतामा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गर्न सकेको खण्डमा निजी पूँजीमा अन्तरनिहीत अतिरिक्त लाभको सिद्धान्तमा आधारित श्रमको शोषण अन्त्य हुने र अर्कोतर्फ सहकारीका माध्यमबाट मात्र न्यून लागतमा उत्पादन सम्भव हुने देखिन्छ । सहकारी संस्थाको स्वपूँजीबाट स्थापना गरिने प्रशोधन उद्योगको विकास गर्न सकेको खण्डमा स्थानीय प्राकृतिक श्रोत साधनको उच्चतम उपयोग हुन सक्दछ भने रोजगारी सिर्जनामा समेत उल्लेखनीय योगदान पुग्दछ । यसरी प्राथमिक वस्तुको उत्पादन र प्रशोधन कार्यमा सहकारीको अग्रसरताले सिर्जना गर्ने रोजगारीले स्थानीय जनसमुदायको क्रयशक्ति क्रमिक रुपले सुदृढ भई उत्पादित वस्तु तथा सेवाको माग बढने, बजार विस्तार हुने, रोजगारी र आयमा वृद्धि हुने तथा यसबाट उपभोगको प्रवृत्तिमा समयसापेक्ष परिवर्तन र बृद्धि भई अर्थतन्त्र थप चलायमान हुन्छ । यस्तै, उपभोग मागलाई व्यवस्थापन गर्ने र सहकारीका उत्पादनलाई बजारसम्म पुर्‍याउने जस्तो वितरणको कार्यमा पनि सहकारी संस्थाको संलग्नता बढाउनु आवश्यक छ । यसो गर्दा उत्पादक र उपभोक्ता बीचमा खडा हुने विचौलियाको अस्वाभाविक नाफाखोरी प्रवृत्तिलाई निरुत्साहन गर्न सकियो भने प्राथमिक उत्पादकले वास्तविक मूल्य प्राप्त गर्न सक्ने र उपभोक्ताले पनि उचित मूल्यमा वस्तु एवं सेवा उपभोग गर्न पाउने हुँदा समन्यायिक समाज निर्माणमा समेत यसले सकारात्मक प्रभाव पार्न सक्दछ ।

कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण एवं कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संलग्नतालाई पनि अन्तर्राष्ट्रिय अनुभवले बाञ्छनीय सिद्ध गरिसकेको छ । सहकारी संस्थाहरु बस्तु तथा सेवाको बजारीकरणका लागि अघि बढन सक्दछन् भने अर्कोतर्फ सहकारीका माध्यमबाट हुने उत्पादन र त्यसको विक्री वितरणबाट प्राप्त हुने लाभ सहकारीका शेयर सदस्यहरुबीच वितरण गर्न सकेको खण्डमा आयको असमान वितरणलाई न्यूनीकरण गर्न सहयोग पुग्दछ । सहकारीका माध्यमबाट कृषि क्षेत्रको समग्र विकासका सन्दर्भमा विश्वका केही मुलुकहरुको सफल अभ्यासको तथ्यांकीय अवस्था निम्नानुसार छ :

तालिका १: कृषि उत्पादनमा सहकारीको हिस्सा

| *क्र.सं.* | *मुलुक* | *कृषि उत्पादन* | *सहकारीको हिस्सा (%)* |
|---|---|---|---|
| १. | स्वीडेन | दुग्ध पदार्थ | ९९ |
| २. | जापान | चामल | ९५ |
| ३. | जापान | माछा | ६० |
| ४. | पश्चिम क्यानाडा | बाली/तेलजन्य | ७५ |
| ५. | इटाली | वाइन | ६० |

स्रोत:Jake Karlyle, Hobart Conference, 2005.

आउँदा दिनहरुमा नेपालका सार्वजनिक संस्थानहरुको संचालन सरकारले नगर्ने हो भने सहकारीकरणको ढाँचालाई अवलम्वन गरी त्यस्ता कलकारखाना, सरकारी कृषि फर्म तथा बजार केन्द्रहरुको सञ्चालन सहकारीलाई हस्तान्तरण गर्ने नीति अख्तियार गर्नु आवश्यक छ । यसबाट उत्पादन र वितरणमा सहभागिताको विकास भई संविधान र त्रिवर्षीय योजनाको उद्देश्य हासिल गर्नमा पनि मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा अधिकाँश जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने हुँदा नेपालको सन्दर्भमा ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारितामा आधारित कृषिसंग सम्बन्धित उद्योग, व्यवसायलाई प्रवर्द्धन गर्नका लागि सरकार एवं सहकारी क्षेत्रको एकीकृत प्रयास आवश्यक देखिन्छ । नेपाल सरकारले २०६६ मा उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाका लागि अनुदान वितरण सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ, जुन कृषि क्षेत्रमा सहकारीको संलग्नतालाई प्रश्रय दिनका लागि ल्याएको एउटा महत्वपूर्ण नीतिगत व्यवस्था हो । यस व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न सहकारीका केन्द्रीय संघहरुको अग्रसरता आवश्यक देखिन्छ ।

## ६. खाद्य सुरक्षा, रोजगारी सिर्जना, आय आर्जन, औद्योगिक लगानी र सेवा प्रवर्द्धनमा सहकारीको भूमिका

*खाद्य सुरक्षा :* खाद्य सुरक्षाको विषय नेपालका दुर्गम हिमाली र पहाडी क्षेत्रका जनताको मानवीय सुरक्षाको ज्वलन्त प्रश्न बनेको छ । खाद्य सुरक्षा उत्पादन, वितरण, उपलव्धता र गुणस्तरको विषय हो । भौगोलिक विकटताले गर्दा स्थानीय रूपमा उत्पादन बढाउनु खाद्य सुरक्षाको पहिलो रणनीति हो । यस सन्दर्भमा ग्रामीण क्षेत्रमा स्थानीय श्रम, सीप र साधनमा आधारित कृषि सहकारी संस्थाहरुको सक्रियताबाट उत्पादन र वितरण सुदृढ गरी एकहदसम्म खाद्य सुरक्षा सुनिश्चित गर्न सकिन्छ । नेपालको भौगोलिक एवं जैविक विविधतामा रहेको कृषि तथा वनजन्य उत्पादनको सम्भाव्यताका दृष्टिकोणबाट हेर्दा हरेक भौगोलिक क्षेत्रमा विशिष्टीकृत कृषि एवं वनजन्य उत्पादन सम्भव छ भने स्थानीय जनसमुदायको स्वामित्वमा सञ्चालित सहकारी संस्था नै यसको विकासका लागि अग्रणी हुन सक्ने यथार्थलाई मनन गरी अघि बढ्न सकेमा खाद्य सुरक्षा हासिल गर्न थप मद्दत पुग्ने देखिन्छ ।

*रोजगारी सिर्जना :* कृषि र ग्रामीण अर्थतन्त्रमा सहकारी रोजगारीको माध्यम हुन सक्छ । मुलुकभित्र रोजगारीका पर्याप्त अवसरको अभावको कारण अधिकांश युवा श्रमशक्ति विदेश पलायन भएको छ । तथापी उनीहरू केही पूँजी, अनुभव र सीप सिकेर फर्कने र व्यवसाय स्थापना गरी रोजगारी सृजना गर्ने काममा लाग्न थालेको अवस्था पनि छ । खासगरी खाडी मुलुकमा गएका त्यस्ता युवा स्वदेश फर्के

पश्चात् कुनै न कुनै कृषिजन्य व्यवसायमा संलग्न भएका र तिनको वित्तीय आवश्यकता परिपूर्ति गर्ने काम मोफसलका सानो पूँजीगत आधार भएका विकास बैंक र स्थानीय सहकारी संस्थाहरु नै अग्रपंक्तिमा देखिएका छन् । यस सन्दर्भमा सहकारी संस्थाहरु स्थानीय स्तरमा स्वरोजगारका अवसर सिर्जना गर्न समूहमा आधारित लघु उद्यम प्रवर्द्धन गरी रोजगारी अभिवृद्धि गर्ने एक सशक्त माध्यम हुन सक्छन् ।

*आय आर्जनमा सहकारी :* सहकारी संस्थाहरुको अग्रसरता र संलग्नतामा सञ्चालन हुने उत्पादन, प्रशोधन र वितरणको कार्यबाट एकातर्फ रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ भने अर्कोतर्फ त्यसमा संलग्न समुदायको आय आर्जन हुने निश्चित प्रायः नै हुन्छ । यसरी आय आर्जनमा वृद्धि भई समुन्नत र सुसंस्कृत समाज निर्माणमा सहकारीले सकारात्मक योगदान गर्ने विश्वास गर्न सकिन्छ । सहकारीका संलग्नतामा उत्पादन एवं आय आर्जनका काम अघि बढाउँदा राज्य र निजीक्षेत्रमा जस्तो साधन र श्रोतको चुहावट हुने सम्भावना कम हुन्छ ।

*औद्योगिक लगानी र सेवा प्रवर्द्धनमा सहकारी:* तीनखम्बे अर्थनीति अंगीकार गरेको मुलुक नेपालमा सहकारी संस्थाले स्थानीय स्तरको लगानीमा व्यवसायको अग्र एवं पृष्ठ सम्बन्ध कायम गर्न सक्दछ भने निजी क्षेत्रले प्रवर्द्धन गर्ने ठूला उद्योग व्यवसायको सुदृढ पृष्ठ सम्बन्ध निर्माणमा पनि सहकारी सहयोगी हुन सक्दछ । अर्थतन्त्रमा सहकारी क्षेत्रको भूमिका बढाउँदै गएमा प्रारम्भिक चरणमा घरेलु तथा साना उद्योगको विकास हुने गर्दछ भने मध्यमकालमा मझौला उद्योग र दीर्घकालमा सहकारीतामा आधारित ठूला औद्योगिक व्यवसायको सञ्चालन गर्न सकिन्छ । यी तथ्यबाट के पुष्टि हुन्छ भने सहकारी क्षेत्र औद्योगिक लगानी प्रवर्द्धनमा अग्रणी र बलियो साझेदार हुन सक्दछ ।

पूँजी र प्रविधिमा आधारित ठूलो लगानी आवश्यक पर्ने सेवा व्यवसायको स्थापना र सञ्चालन निजी क्षेत्रबाट हुने अपेक्षा गरिएको हुन्छ भने प्रारम्भिक चरणमा श्रम र सीपमा आधारित सेवा व्यवसायमा सहकारी संस्थाको महत्वपूर्ण भूमिका हुने गर्दछ । त्यसैगरी दीर्घकालमा भने सहकारी पनि सेवा व्यवसायको प्रवर्द्धन गर्ने कार्यमा निजी क्षेत्रको परिपूरकको रुपमा खडा हुन सक्छ । वित्तीय सेवामा सहकारीको भूमिका अझ प्रभावकारी हुने कुरामा शंका छैन ।

## ७. आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहकारी

नेपालको कुल उपभोगमा आयातको हिस्सा ज्यादै उच्च छ । खासगरी आयातमा देखिएको तीब्र वृद्धि र निर्यातको प्रवृत्तिमा देखिएको न्यून वृद्धि अझ भनौ शिथिलताका कारण पनि यस्तो अवस्था सिर्जना भएको हो । कृषिजन्य वस्तुहरूको उत्पादन र निर्यातबाट सहकारीले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउन सक्दछन् ।

देशभित्र उपलव्ध प्राकृतिक साधन, मानवीय संसाधन र तिनमा निहीत सीपको उच्चतम उपयोग गर्दै मध्यमकालका लागि लक्षित गरी कृषि क्रान्तिका माध्यमबाट आयात प्रतिस्थापन गर्ने गरी आर्थिक क्रियाकलापहरु जस्तै उत्पादन, प्रशोधन, बजारीकरण र लाभको वितरण गर्ने कार्यमा सहकारी संस्थाले अग्रणी भूमिका खेल्न सक्दछ । त्यसैगरी, राज्यले प्राथमिकीकरण गरी सहकारी लक्षित उच्चमूल्यका कृषि उपज प्रशोधनका माध्यमबाट त्यस्ता कृषि उपजको बृहत् उत्पादन (Mass Production), सहकारीको क्षमताले पूँजीगत लगानीको आवश्यकता पूरा गर्न सक्ने परम्परागत सीपमा आधारित

हस्तकलाका वस्तुहरुको उत्पादनमा समेत सहकारीले अग्रणी भूमिका निर्वाह गर्न सकेको खण्डमा निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन भई व्यापार घाटामा दीर्घकालीन सुधार आउने देखिन्छ ।

## ८. समावेशी आर्थिक वृद्धि र सवलीकरणमा सहकारी

साधारणतया आर्थिक वृद्धिलाई समावेशी बनाउने कुरा गर्दा हामी त्यो बजार अर्थतन्त्रबाट हासिल गर्ने कल्पना गर्छौं जुन असम्भव कुरा हो । समावेशी आर्थिक वृद्धि भन्नाले उत्पादन प्रक्रियामा समुदायका अधिकाँश सदस्यको सहभागिता हुने, उत्पादन प्रक्रियाको निर्णयमा सबैको सहभागिता तथा आर्थिक वृद्धिको लाभ सबैलाई वितरण हुने कुरालाई बुझ्नु पर्ने हुन्छ । तर बजार अर्थतन्त्रमा उत्पादनका साधनहरुमा सबैको पहुँच हुँदैन र उत्पादनको वितरण पनि समानुपातिकता र समन्यायिकता सम्भव हुँदैन । त्यसैगरी, यस पद्धतिमा उत्पादन र वितरणको प्रक्रियामा सबैको समान क्षमता र अधिकार पनि स्थापित हुन सक्दैन । त्यस्तै समावेशी आर्थिक वृद्धिलाई बढी न्यायमुखी बनाउन जहाँ राज्यको दरिलो उपस्थिति जरुरी हुन्छ त्यस्ता क्षेत्रहरुमा राज्यले वितरणका बलिया कार्यक्रमहरु ल्याउनु पर्ने हुन्छ । तर, राज्यको उपस्थितिबाट सबैलाई सेवा पुऱ्याउनका लागि राज्य संयन्त्रको क्षमता, दक्षता र कुशलतामा प्रश्नहरु उठ्न सक्दछन् । यस्ता प्रश्नहरु हाम्रो जस्तो अल्पविकसित मुलुकमा अझ टड्कारो रुपमा उठ्ने गरेको पाइन्छ । किनभने अनुभवले के देखाएको छ भने यस्ता अल्पविकसित मुलुकहरुमा राज्य श्रोतको विनियोजनको आधाभन्दा पनि निकै कम मात्रै भौतिक प्रगतिमा परिणत हुन्छन् । यसले राज्यको सीमित साधनको अपव्यय भएको देखाउँदछ । त्यसैले समावेशी विकासको प्रभावकारी ढाँचाको कुरा गर्दाखेरी अहिलेको अवस्थामा राज्य र निजी क्षेत्र गरी दुई मूल पात्रहरु (Actors) मात्र रहने ढाँचा काम लागेन, त्यसैले अब तेश्रो पात्रको रुपमा समुदायमा आधारित सहकारी संस्थाहरु समेतको सक्रियता उपलब्धीमूलक हुनसक्छ भन्न सकिन्छ । सदैव नाफा केन्द्रीत हुने निजी क्षेत्रले समेट्न नसकेका वा उसले समावेश गर्न आवश्यक पनि नठानेका, राज्य संयन्त्रले परिचालन गरेको श्रोतले मात्रै समावेशिता हासिल गर्न नसकेका अवस्थामा यदि हामीले सामुदायिक र सहकारी संस्थाहरुको माध्यमबाट उत्पादनको प्रक्रिया र उत्पादित वस्तु र सेवाको वितरण एवं त्यसबाट प्राप्तको लाभको वितरणको अवस्थासम्म पनि सहकारीलाई परिचालन गर्न सक्यौं भने मात्र समावेशी आर्थिक वृद्धिको कल्पना कार्यरुपमा रुपान्तरित हुन सक्दछ ।

विश्वव्यापी रुपमा समावेशी आर्थिक वृद्धिको कुरा गर्ने हो भने राज्य र निजी क्षेत्र बाहेकको तेश्रो Actor को भूमिकालाई हामीले स्वीकार र स्थापित गर्नु पर्ने हुन्छ । त्यस्तो भूमिका गैरसरकारी संस्था (NGO) र अन्य सामुदायिक संस्थाहरुले पनि लिन सक्छन् । तर NGO एवं अन्य सामुदायिक संस्थाहरुबाट समावेशिता हासिल गर्नका लागि धेरै सीमाहरु हुन सक्छन, जस्तो कि समुदायमा आधारित संस्थाहरूमा आर्थिक क्रियाकलापको अभाव हुने गर्दछ । त्यसो हुनाले सहकारी संस्थाहरु नै त्यस भित्रको सबैभन्दा प्रभावकारी पात्र हुन सक्छन् भनेर समावेशी आर्थिक वृद्धिका लागि सहकारिता एउटा अनिवार्य शर्त हो भन्ने कुरा सरोकारवाला सबैले मनन गर्नै पर्ने हुन्छ ।

हामीले ख्याल गर्नुपर्ने अर्को एउटा मुद्दा चाहीँ के हो भने नागरिक सवलीकरणको माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने कुरालाई मूर्त रुप दिन सकिन्छ । सवलीकरण अन्तर्गत पनि खासगरी लैंगिक समानता र सशक्तिकरणका विषय प्रवल हुन्छन् । हाम्रोजस्तो मुलुकमा लैंगिक समानताको कुरा गर्दा महिलाहरुलाई सशक्त बनाउने र उनीहरुलाई सक्षम तुल्याउने, त्यसैगरी अधिकार सम्पति र अवसरमा

समान रुपमा उनीहरुको पहुँच पुऱ्याउने विषयले प्राथमिकता पाउनु पर्ने हुन्छ जुन राज्य संयन्त्रबाट लामो समयसम्म हासिल हुन सकेन भने अर्कोतर्फ निजी क्षेत्रले चाहीँ सामान्य संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सांकेतिकरुपमा गर्ने बाहेक दीर्घकालीन र व्यापकरुपमा गर्न सक्ने विषय नै भएन । त्यसो हुनाले लैंगिक समानता र महिला सशक्तिकरणको लागि समुदायमा आधारित सहकारिता एउटा उपयुक्त माध्यम हुन्छ । नेपालमा खुलेका अधिकाँश महिला सहकारीहरु, महिला सहभागितामा खुलेका अन्य सामुदायिक संस्थाहरु यसका ज्वलन्त उदाहरणहरु हुन् । यसबाट महिला सशक्तिकरणमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ ।

त्यसैगरी, अर्को महत्वपूर्ण विषय सामाजिक रुपान्तरण (Social Reeingineering) मा सहकारिताको भूमिकाका बारेमा पनि चर्चा गर्नु आवश्यक छ । सामाजिक सेवालाई सर्वव्यापी तुल्याउने (Universal) क्रममा नेपालमा शिक्षा तथा स्वास्थ्य सेवामा सबैको समान अवसर र पहुँच, सरसफाई एवं खानेपानीमा सबैको पहुँच जस्ता कुराहरु सहकारिताको माध्यमबाट पनि अघि बढेका छन् । हाम्रो मुलुकमा भएका शिक्षा सहकारी, स्वास्थ्य सहकारी र सरसफाईसंग सम्बन्धित सहकारीको भूमिका आर्थिक सामाजिक रुपान्तरण र सशक्तिकरणमा बढी प्रभावकारी हुँदै गएको छ र यो कुरालाई हामीले बिर्सनु हुँदैन ।

त्यसैगरी वन र वातावरणलाई सुरक्षा तथा संरक्षण गर्ने, त्यसको दिगो प्रकारले व्यवस्थापन हुने गरी दोहन र उपयोग गर्ने कुरामा अन्य सामुदायिक संस्थाहरुसंगै सहकारी संस्थाहरु पनि प्रभावकारी हुन सक्छन् । यस्तै, सामुदायिक सम्पत्तिहरुलाई आय आर्जन र रोजगारीका अवसरमा परिणत गराउनका लागि पनि सहकारीहरुले उत्पादन, प्रशोधन र वितरणको कामहरु अघि बढाउन सक्छन् । यसप्रकार सामुदायिक विकासका संस्थाहरु, निजी क्षेत्रका प्रतिष्ठानहरु र राज्यका संयन्त्रको बीचमा सहकारी संस्थाहरुले सेतुको रुपमा आफूलाई स्थापित गराउँदै आएका छन् । सहकारी मार्फतबाट हुने आर्थिक क्रियाकलापले न त राज्य संयन्त्र, न त निजी क्षेत्र कसैलाई पनि विस्थापित गर्दैन । त्यो कुरामा हामी सबै सुनिश्चित हुन सक्छौं । अतः सहकारिताको कुरा गर्दा हामीले सशक्तिकरण र आर्थिक सामाजिक रुपान्तरणको एजेण्डालाई संगसंगै लिएर जानुपर्ने हुन्छ ।

## ९. आर्थिक समृद्धिका लागि सहकारी र समृद्धि मार्फत स्वाधिनता

पछिल्लो ६० वर्षको अवधिमा विश्वका विभिन्न महादेशहरुमा आर्थिक वृद्धिमा अभूतपूर्व प्रगति देखा परेको भए तापनि उक्त आर्थिक वृद्धि समावेशी हुन नसक्दा आर्थिक संकट, असमानता, सामाजिक द्वन्द्व र "Occupy Wall Street Movement" जस्ता असन्तुष्टि देखापरे । यसलाई सम्बोधन गर्दै समावेशी विकास हासिल गर्न सहकारीमा आधारित आर्थिक विकासको ढाँचा अवलम्बन गर्न थालिएको छ । आर्थिक विकास प्रयासमा सफलता हासिल गर्न नेपाल जस्तो अतिकम विकसित मुलुकले मध्यमकालमा समावेशी, रोजगारीयुक्त उच्च अंकको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिनै पर्दछ । यसका लागि कृषि, जलस्रोत, पर्यटन, निर्यात प्रवर्धन क्षेत्रको विकासबाट मात्र सम्भव हुने देखिन्छ भने समुदायमा आधारित सहकारीको ढाँचा नै यसका लागि उत्तम विकल्प हुन सक्छ । राज्यले आर्थिक विकासमा तीब्रता ल्याउन भौतिक पूर्वाधारका क्षेत्रमा थप लगानी बढाउनु पर्ने हुन्छ । नेपालको सन्दर्भमा एकातिर ठूलो परिमाणको लगानीलाई प्रवर्द्धन गर्न लगानी बोर्डको स्थापना गरिएको छ भने अर्कोतिर समुदायको क्षमतामा आधारित लगानी अभिवृद्धि गर्न सहकारी लगायत लघुवित्त संस्थाहरुलाई

पनि पूर्वाधार क्षेत्रमा लगानी गर्न प्रेरित गरिएको छ । यसका लागि तोकिएको लघु जलविद्युत परियोजना निर्माणमा सरकारका तर्फबाट ७५ प्रतिशतसम्म पूँजीगत अनुदान दिने व्यवस्था गरिएको छ । त्यसैगरी, कृषि प्रशोधन उद्योगमा पनि पूँजीगत अनुदानको व्यवस्था गरिएको छ ।

सैद्धान्तिक दृष्टिले हेर्दा पनि सहकारी संस्थाहरु निजी क्षेत्र जस्तो अल्पकालीन नाफाबाट अभिप्रेरित भई स्थापना गरिने व्यवसायिक प्रतिष्ठान नभई दीर्घकालीन सामाजिक आर्थिक रुपान्तरणका अभियन्ता हुन् । सहकारी संस्थाले परिचालन गर्ने बचत र त्यसले प्राप्त गर्ने प्रतिफल अधिकतम हुन सक्ने तथा ऋणी सदस्यले पनि न्यूनतम व्याजदरमा कर्जा पाउन सक्ने हुँदा यो दुवै पक्षको हितमा रहने कुरा स्पष्ट नै छ । सहकारी संस्थाहरुले सिद्धान्ततः सीमित नाफामा कारोबार सञ्चालन गर्ने, त्यस्तो नाफा पनि शेयर सदस्यभित्रै वितरण गरिने र जेजति नाफा बाँकी रहन्छ त्यो नाफा संस्थाको दीर्घकालीन वित्तीय स्वसक्षमताका लागि उपयोग गर्ने अवधारणाको कारण यसले आन्तरिक उत्पादन अभिवृद्धि मार्फत समावेशी र समतामूलक अर्थतन्त्र बन्न सघाउ पुऱ्याउँछ ।

अहिले नेपालको अर्थतन्त्रमा विप्रेषण आयको महत्वपूर्ण योगदान रहेको छ । यसको प्रत्यक्ष प्रभाव गाउँगाउँमा रहेका सहकारी संस्थाहरुको बचत परिचालन र पूँजी निर्माणमा देखिएको छ । यसर्थ पनि सहकारी संस्थाहरुलाई बचत परिचालन गरी पूँजी निर्माण गर्ने, उक्त लगानीयोग्य कोषलाई स्थानीय स्तरमा नै उपयोग गर्दै उत्पादन, आय र रोजगारी सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्ने सम्भावना बढेर गएको छ । यसलाई मूर्तरुप दिने कार्यमा सहकारीको भूमिका अपेक्षित रहेको हुँदा यसका अभियानकर्ताहरु सजगतापूर्वक लागिपर्नु पर्ने देखिएको छ ।

सहकारी आन्दोलन आर्थिक विकासको त्यस्तो मजबूत मेरुदण्ड हो जसको निरन्तर सञ्चालनका लागि ठूला सरकारी निर्णय पर्खिनु पर्दैन । अधिक ऊर्जा खपत गर्नेद्वारा ठूला उद्योगहरु अहिले लोडसेडिंगको मारबाट आक्रान्त छन्, त्यसको तुलनामा सहकारी प्रवर्द्धित लघु जलविद्युत परियोजना सञ्चालित क्षेत्र लोडसेडिंग मुक्त छन् । जसबाट सहकारीमार्फत स्थानीय श्रोत, साधन र सीपमा आधारित घरेलु, साना र मझौला उद्योग विकासको प्रचुर सम्भावना बढेर गएको छ । यस्ता उद्यममा निजी पूँजी र संगठित श्रम संगठनको विवादको गन्ध आउने सम्भावना पनि रहन्न । त्यस्तै ऋणीको मूल्यांकन गर्नका लागि साख मूल्यांकन संस्थाको आवश्यकता नपर्ने, ऋणी सदस्यको मूल्यांकन सहकारी समूहले नै गर्ने हुँदा कर्जा दुरुपयोग हुने सम्भावना पनि कम हुन्छ । यसबाट पनि के निचोड निकाल्न सकिन्छ भने सहकारीका माध्यमबाट आर्थिक समृद्धि सम्भव छ ।

माथि चर्चा गरिए जस्तै सहकारीको सञ्जाललाई उपयोग गर्दै एक गाउँ-एक उत्पादन, एक सहकारीको अभियानलाई एकीकृत ढंगले अघि बढाउन सक्ने हो भने पनि आर्थिक समृद्धिको सपना साकार पार्न धेरै वर्ष लाग्दैन । सहकारीले आर्थिक विकास प्रक्रियामा समाहित हुन नसकेका, बञ्चितिकरणमा परेका सीमान्तीकृत समूहलाई समेत वित्तीय समावेशीकरणका माध्यमबाट एकीकृत गराई आर्थिक समृद्धिको पथमा अग्रसर गराउन सक्दछन् ।

सहकारीको संलग्नतामा दैनिक आवश्यकताका वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन गर्ने हो भने कृत्रिम अभाव, काला बजारी जस्ता समस्याबाट पार पाउन सकिने, बन्द हडतालको प्रभाव कम पर्ने हुँदा उत्पादकले उत्पादनको प्रक्रियालाई निरन्तरता दिन सक्ने, लगानी प्रोत्साहित भइराख्ने, बेरोजगारी समस्या कम भई आय आर्जन बढ्ने जसबाट समग्र आर्थिक गतिविधि अनुकूल हुँदै हुन्छ ।

*समृद्धि र आर्थिक स्वाधिनता :* आर्थिक स्वाधिनतालाई आत्मनिर्भर, स्वतन्त्र र विदेशी पूँजी, बजार र सहायता नचाहिने अर्थतन्त्रको रूपमा बुझ्ने गरिन्छ । तर एक्काइसौं शताव्दीको आर्थिक स्वाधिनताले बन्द अर्थतन्त्रको परिकल्पना गर्दैन । आर्थिक स्वाधिनताले अर्थतन्त्रहरुका बीचको अन्तरनिर्भरतालाई पनि अस्वीकार गर्दैन । आर्थिक स्वाधिनताको चर्चा गर्दा अर्थतन्त्रमा उपलव्ध प्राकृतिक, भौतिक, वित्तीय र मानवीय श्रोतको उपयोग गर्न राज्यको आफ्नै निर्णायक भूमिका हुन सकेको छ वा छैन् ? आर्थिक रुपले सक्रिय जनसंख्यामध्ये श्रमशक्तिको रुपमा उपयोगको सम्भावना रहेका मानवीय श्रोतले पर्याप्त रोजगारीका अवसर पाउन सकेका छन् वा छैनन् ? विदेशी सहायता राष्ट्रिय हित र प्राथमिकतामा र राष्ट्रिय स्वार्थ अनुकूल परिचालन गर्न सकिएको छ छैन ? वा आफ्नो उत्पादनको बजार कतिसम्म आन्तरिक रूपमा सुदृढ छ भन्ने जस्ता कुराहरू अघि सर्छन । आर्थिक स्वाधिनताले मुलुकका बासिन्दाको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूर्ति अर्थतन्त्रको आर्जनले पुग्ने अर्थात कुल राष्ट्रिय आय बराबर हुनु पर्दछ भन्ने वकालत गर्दछ । खुला अर्थन्त्रमा एकातिर अन्राष्ट्रिय व्यापारलाई प्रतिस्पर्धी बनाउँदै ठूला लगानी आकर्षित गर्न पूँजीको प्रतिफल तुलनात्मक रुपमा उच्च हुनु आवश्यक छ भने देशभित्र छरिएर रहेका पूँजीको सदुपयोग गर्दै आय आर्जन र रोजगारी बढाउन सहकारी संस्थाहरु सशक्त हुनु आवश्यक छ ।

अर्थतन्त्रको समग्र मागलाई राष्ट्रिय आयले धान्नका लागि अर्थतन्त्रमा हुने आर्थिक गतिविधिका प्रमुख पात्रहरु जस्तै सरकार, निजी क्षेत्र र समुदायमा आधारित संस्थाहरुको प्रतिनिधिमूलक सहकारी संस्थाहरुको सक्रियता एवं तिनले सञ्चालन गर्ने उत्पादन, प्रशोधन, वितरण र उपभोग जस्ता आर्थिक गतिविधिहरुको समष्टिगत अवस्थाबाट प्रतिविम्बि हुनु पर्दछ । यसमा सरकारको प्राथमिकता र सीमा, निजीक्षेत्रको नाफाप्रेरित आर्थिक गतिविधिका अतिरिक्त विश्व मानचित्रले नै स्वीकार गरी संयुक्त राष्ट्र संघले समेत सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षको रुपमा मनाएको दृष्टान्तबाट सहकारी नै वर्तमान समयमा आर्थिक विकासको महत्वपूर्ण संवाहक हो भन्न सकिन्छ । सहकारीका माध्यमबाट हासिल गरिने आर्थिक विकास भनेको प्रारम्भिक चरणमा प्राथमिक वस्तुहरुको उत्पादन अभिवृद्धि मार्फत निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापक हुन सक्ने हुँदा पनि आर्थिक स्वाधिनताको बाटो सहकारीका माध्यमबाट हासिल हुने र आर्थिक विकासले समृद्धि एवं आर्थिक स्वाधिनता हासिल गर्न सक्छ ।

**१०. समस्या तथा चुनौतीहरू**

सहकारी ऐन नियममा समय सापेक्ष पुनरावलोकन नहनु, बचत तथा ऋण सहकारी र सहकारी बैंकको लागि आवश्यक ऐन नहुनु, सहकारी मैत्री आर्थिक वातावरणका लागि सरकारको प्राथमिकता एवं राष्ट्रिय सहकारी विकास बोर्ड स्थापनाको मर्म अनुरुप प्रभावकारी हुन नसक्नु, संस्थागत संयन्त्रको प्रभावकारिताले सहकारी आन्दोलनलाई अघि बढाउन नसक्नु, सहकारी आन्दोलन राजनीतिक विचारधारा मात्रै नभई सबैले यसलाई आर्थिक विकासको माध्यमको रुपमा स्वीकार गरी आम नागरिकको समुन्नतिको संवाहकका रुपमा अघि बढाउन नसक्नु, सहकारीलाई आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित गर्न पर्याप्त प्रयासको कमी हुनु, ठूला बचत तथा ऋण सहकारी संस्थाहरुको नियमन, निरीक्षण र सुपरिवेक्षणको कमीले मुलुकको वित्तीय प्रणालीमा निहीत जोखिम

बढदै जानु जस्ता समस्याहरू सहकारी क्षेत्रमा छन् जुन क्रमशः समाधान हुँदै जाने कुरामा विश्वास गर्न सकिन्छ ।

सहकारी अभियानलाई अघि बढाउन राष्ट्रिय सहकारी नीतिको स्वीकृति र प्रभावकारी कार्यान्वयन गर्ने, सहकारी लक्षित कर, शुल्क छुट तथा अनुदान सम्बन्धी व्यवस्थाको व्यवहारिक र प्रभावकारी कार्यान्वयन गर्ने, बचत तथा ऋण सहकारीको सघन निरीक्षण तथा अनुगमनका लागि प्रभावकारी संयन्त्रको निर्माणका साथै यसका लागि छुट्टै ऐनको तर्जुमा गर्ने, मध्यमकालका लागि कृषि सहकारीका माध्यमबाट विशेष कार्यक्रम सञ्चालन गर्ने, उपभोक्ता सहकारीलाई भन्दा उत्पादन सहकारी अझ खासगरी कृषि सहकारी संस्थालाई कृषि सामग्रीमा अनुदान उपलव्ध गराउने व्यवस्थालाई बढी प्राथमिकता दिने, सहकारी विकास बोर्डलाई समग्र सहकारी क्षेत्रको विकासका लागि विकास तथा अनुसन्धान संस्थाको रुपमा विकास गर्ने, सहकारी क्षेत्रलाई बैदेशिक सहयोगमा पहुँच पाउन सक्ने कानूनी र संस्थागत संयन्त्रको विकास गर्ने, सहकारीको अग्रसरतामा बजार केन्द्रहरु र हरेक अञ्चलमा एक/एकवटा शीतभण्डारको निर्माण र सोका लागि सरकारका तर्फबाट पूँजीगत अनुदानको व्यवस्था गर्ने, विद्यालय शिक्षामा सहकारी शिक्षालाई समाविष्ट गरी, उच्च शिक्षाका क्षेत्रमा समेत यसलाई समेटी विशेषज्ञ जनशक्ति निर्माण गर्ने जस्ता चुनौतीहरू पनि सहकारी क्षेत्रमा छन् ।

## ११. उपसंहार

सहकारी स्वतस्फूर्त आन्दोलन हो । यो आर्थिक-सामाजिक रूपान्तरणको बलियो माध्यम हो । आर्थिक सामाजिक रूपान्तरण सहभागितामूलक विकास उत्पादकत्व बृद्धि, शिक्षा तथा साक्षरता, स्वास्थ्य तथा सरसफाइ, लैङ्गिक समानता, विभेद र बञ्चितीकरणको अवस्थामा सुधार नआई सम्भव छैन । यस अभियानलाई अघि बढाउन राज्यका सबै निकाय र समुदाय तथा निजी क्षेत्रको समेत सहयोग आवश्यक छ । तर राज्यको सहयोगको अपेक्षामा यो आन्दोलन राज्य निदेशित वा राज्य निर्भर नबनोस् भन्नेतर्फ हामी सजग हुनु जरूरी छ ।

सहकारी अभियानका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट सिर्जना भएको अनुकूल वातावरणको अधिकतम लाभ लिँदै नेपालमा पनि सहकारी आन्दोलनलाई तीब्रता दिनका लागि यसका सरोकारवालाको सक्रिय अगुवाई आवश्यक देखिएको छ । सहकारीका माध्यमबाट पूँजी निर्माण, उपलव्ध उत्पादनका साधनहरुको उच्चतम उपयोग गर्दै उत्पादन, प्रशोधन, बजारीकरण, रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि गरी कुल गार्हस्थ्य/राष्ट्रिय आय वृद्धिमा प्रत्यक्ष एवं परोक्ष योगदान पुऱ्याउन सकिने प्रशस्त सम्भावना बढेर गएको छ । लोकतन्त्र, खुला समाज र नागरिक चेतनाले यसलाई अनुकूलता थपेको छ ।

सहकारीको संलग्नतामा कुल गार्हस्थ्य/राष्ट्रिय आय वृद्धिले आयको वितरणमा समन्याय कायम गर्न मद्दत पुग्ने कुरा सिद्धान्त र व्यवहारबाट पुष्टी भैसकेको छ । आर्थिक विकासले समृद्धि ल्याउने र समृद्धि मार्फत दीर्घकालमा आर्थिक स्वाधिनता हासिल गर्न सकिन्छ । तर सहभागिता र समन्यायिकता विनाको समृद्धि पनि टिकाउ हुँदैन । त्यसैले दीगो विकासको कुरा गर्दा विकास प्रक्रियामा सहभागिता र त्यसको प्रतिफलमा पहुँचको उपयुक्त माध्यम हुने सहकारीको महत्वपूर्ण भूमिकालाई मूर्तरुप दिनु अनिवार्य सर्त हो भन्ने कुरामा दुईमत छैन ।